**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख १६ गते**
प्रदेश १ सरकारले मोरङको मिक्लाजुङ गाउँपालिका-४ टाँडीबाट एक साता भित्रमा क्वारेन्टाइन सार्ने गरी तयारी थालेको छ । प्रदेश सरकारसँगको सहकार्यमा टाँडीमा नेपाली सेनाको सूर्यदल गणले सञ्चालन गरिरहेको क्वारेन्टाइन सुन्दरहरैंचा नगरपालिकाको गोठगाउँस्थित पूर्वाञ्चल विश्व विद्यालयमा सारिने भएको हो । यस विषयलाई लिएर मुख्यमन्त्री शेरधन राईले सबै पक्षसँग छलफल अघि बढाउनु भएको थियो । सूर्यदल गणका प्रमुख सेनानी रघु पौडेलले टाँडीमा अनुकूल नभएका कारण गोठगाउँमा सारेर क्वारेन्टाइन सञ्चालन गरिने बताउनुभयो । कोरोना भाइरस सङ्क्रमित व्यक्तिको मृत्यु भएमा दाहसंस्कार एवम् अन्त्येष्टी गर्न मोरङमा शव व्यवस्थापन टोली तयार गरिएको छ । प्रदेश १ मा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बढ्दै गईरहेका बेला जिल्ला प्रहरी कार्यालय मोरङले शव व्यवस्थापन टोली तयारी अवस्थामा राखेको हो ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार  कोरोना भाइरस सङ्क्रमित व्यक्तिको मृत्यु भएमा दाहसंस्कार एवम् अन्त्येष्टी गर्न मोरङमा शव व्यवस्थापन टोली तयार गरिएको छ । प्रदेश १ मा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बढ्दै गईरहेका बेला जिल्ला प्रहरी कार्यालय मोरङले शव व्यवस्थापन टोली तयारी अवस्थामा राखेको हो । कोरोना भाइरस सङ्क्रमणका कारण कसैको मृत्यु भइहालेमा शव कसरी व्यवस्थापन गर्ने भन्ने कुरा चुनौतीपूर्ण बनिरहेका बेला इन्सपेक्टर  मिलन थापाको नेतृत्वमा दश जनाको टोली तयार गरिएको जिल्ला प्रहरी कार्यालय मोरङका एसपी विश्व अधिकारीले बताउनुभयो ।
विराटनगरस्थित ग्लोबल आई.एम.ई बैङ्कले विराटनगर महानगरपालिकालाई पाँच लाख रुपियाँको चेक हस्तान्तरण गरेको छ । महानगरको विपद् व्यवस्थापन कोषका लागि पाँच लाख रुपियाँ सहयोग गरेको बैङ्कले जनाएको छ । महानगरपालिकाले कोरोना भाइरसको सम्भावित जोखिमसँग लड्न .दुई करोड रुपियाँको कोष खडा गरेको छ ।
बेलबारी नगरपालिकाको विपद् व्यवस्थापन कोषमा डाँगीहाट युथ क्लबले ५१ हजार रुपियाँ सहयोग गरेको छ ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार लागु औषधको प्रयोग गर्ने शङ्कास्पद व्यक्तिलाई राख्न मेचीनगर नगरपालिकाले छुट्टै क्वारेन्टाइन सञ्चालनमा ल्याएको छ । मेचीनगर-८ स्थित आदर्श माध्यमिक विद्यालय आयावारीलाई विशेष कवारेन्टाइनको रूपमा खडा गरिएको छ । यसअघि उक्त क्वारेन्टाइनमा विदेशबाट आएकाहरूलाई राख्ने गरिएको भएपनि अहिले त्यहाँ लागूऔषध प्रयोगकर्तालाई राख्न थालिएको छ । सो क्वारेन्टाइनमा अहिले झापासहित मोरङ, इलाम र सुनसरीका ३८ जना लागुऔषध प्रयोगकर्तालाई राखिएको छ ।
बाहिरी क्षेत्रका मानिसलाई अर्जुनधारा नगरपालिकाले प्रवेशमा पूर्ण रूपमा रोक लगाएको छ । कोरोनाको जोखिम नियन्त्रणका लागि कडाइ गर्ने उद्देश्यले छिमेकी पालिकाबाट आउने जोकोहीलाई रोक लगाइएको नगर प्रमुख हरिकुमार रानाले जानकारी दिनुभयो । नगरपालिकाले स्वास्थ्य शाखा, सशस्त्र प्रहरी र नेपाल प्रहरीको गस्ती टोलीमार्फत लकडाउनलाई पूर्ण पालना गराउने सन्देश प्रवाह गरीरहेको छ ।
दमक नगरपालिकामा वैशाख १६ गतेसम्म ८४ जनाको पीसीआर परीक्षण गरिएको छ । दमक नगरपालिका-३ का एक ६२ वर्षीय पुरूषमा कोरोना सङ्क्रमण पुष्टि भएपछि अरूमा भए नभको

पहिचान गर्न हालसम्म ८४ जनाको पीसीआर परीक्षण गरिएको दमक अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेण्ट डा खड्गलाल लिम्बूले बताउनुभयो । पीसीआर परीक्षण पहिलो चरणमा दमकका विभिन्न क्षेत्रका शङ्कास्पद ३० जनाको गरिएको र त्यसमा ती वृद्धमा सङ्क्रमण पुष्टि भएको थियो । दमक क्षेत्रका ५४ जना व्यक्तिको आरडीटी परीक्षण तथा स्वाब सङ्कलन गरी धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा पठाइएको छ ।
मेची अभियानले काठमाडौँमा बसेर पढिरहेका मेचीनगरका ३८ जना विद्यार्थीहरूलाई उद्दार गरी काँकरभिट्टा ल्याएको छ ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार लकडाउनका कारण १५ जना भरिया सभापोखरी गाउँपालिकामा अलपत्र परेका छन् । मकालु हिमाल ट्रेकिङमा आएका विदेशी पर्यटकका १५ जना भरिया सभापोखरी गाउँपालिकामा अलपत्र परेको सभापोखरी गाउँपालिका अध्यक्ष रत्न सुब्बाले बताउनुभयो । उनीहरू वैशाख ११ गते सभापोखरी आइपुगेका थिए । उनीहरू अहिले सभापोखरी इलाका प्रहरी चौकी छेउको ग्राउण्डमा टेन्ट बनाएर बसिरहेका छन् । लकडाउनको मौका छोपेर मकालु बरूण राष्ट्रिय निकुञ्जमा चोरी तस्करी बढेको निकुञ्जका सूचना अधिकारी हिमाल पाठकले जानकारी दिनुभयो । मकालु बरूण राष्ट्रिय निकुञ्जमा नियम विपरीत बनाइएका घरटहरा श्री नयाँ रणभूमि गुल्म र निकुञ्जका कर्मचारीले हटाएका छन् । करूणा फाउण्डेशनले दश ओटा स्थानीय तहलाई स्वास्थ्य सामग्री सहयोग गरेको छ ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार जिल्लामा नौ सय ओटा आरडीटी किट उपलब्ध भएका छन् । सङ्कट व्यवस्थापन केन्द्र, स्थानीय तह, राजनीतिक दल लगायतको संयुक्त बैठक बसी क्वारेन्टाइनमा बसेकाहरूको आरडीटी परीक्षण गर्ने निर्णय भएको छ । जिल्लाका १९ ओटा एम्बुलेन्स र सात ओटा पिक अप तयारी अवस्थामा राखिएका छन् । जिल्ला प्रशासन कार्यालयले प्रेस विज्ञप्ती जारी गर्दै गृह मन्त्रालयको निर्देशन अनुसार लकडाउनलाई कडाई गर्ने जनाएको छ ।
कोरोना भाइरसका सन्दर्भमा मानव अधिकार अनुगमन समितिले जिल्लाका विभिन्न स्थानमा स्थापना गरिएका क्वारेन्टाइनको अनुगमन गरेको छ ।
लकडाउनले गर्दा भौतिक पूर्वाधार विकासका कार्य ठप्प भएका छन् । सामग्री आपूर्ति सहज नहुँदा निर्माण कार्य सुचारू गर्न नसकिएको निर्माण व्यवसायीहरूले बताएका छन् । लकडाउन सुरू भएलगत्तै राहत बाड्ने होडबाजी चलेपछि यो अवधि लम्बिदै जाँदा थप राहत बाड्ने कार्य कुनै निकायबाट भएको पाइएको छैन । यसले गर्दा विपन्न तथा मजदूरहरूलाई दैनिक गुजारा चलाउन समस्या भएको छ ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार भारतमा काम गरेर फर्किंदै गरेका २० जना युवालाई पशुपतिनगर नाकाबाट सशस्त्र प्रहरीले उतै फर्काएको छ । सीमा नाका बन्द भएका बेला लुकिछिपी आएका दोलखाका युवालाई फर्काइएको पशुपतिनगरस्थित सशस्त्र प्रहरीका इन्स्पेक्टर पवन खड्काले बताउनुभयो । वैशाख १६ गते सूर्योदय नगरपालिकाको विपद् व्यवस्थापन कोषमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले २ लाख १ हजार रुपियाँ सहयोग गरेको छ । कोषमा सूर्योदय उद्योग वाणिज्य सङ्घले २५ हजार, सूर्योदय-११ का व्यवसायी अजित राईले २५ हजार र सहारा नेपालले ५० हजार रुपियाँ सहयोग उपलब्ध गराएको नगरले जनाएको छ । इलाम नगरपालिकाको आकस्मिक राहत कोषमा प्रभु बैंकले १७ हजार र जुबिलेन्ट इलाइट एकाडेमी स्कुलले पाँच हजार रुपियाँ सहयोग गरेका छन् ।

जिल्ला समन्वय समितिले इलाम घर भइ काठमाडौंमा बसोबास गरिरहेका व्यक्तिका लागि राहत स्वरूप १ लाख रुपियाँ पठाएको छ ।

**इन्सेक ताप्लेजुङ जिल्ला प्रतिनिधि देवराज गुरुङ**का अनुसार आठराई त्रिवेणी गाउँपालिकाले ६ सय ३९ घरपरिवारलाई राहत वितरण गरेको छ । जिल्ला प्रहरी कार्यालयले लकडाउनको पालना गर्न सूचना प्रवाह गरेको छ । जिल्ला खाद्य संस्थानमा स्ट्रकमा राखिएको चामल सकिएको छ । यो वर्ष कैदी तथा थुनुवा र सर्वसाधारणलाई १४ सय क्विन्टल चामल विक्री गरेको छ । मागलाई ध्यान दिदै कम्तीमा १ हजार क्वीण्टल चामल माग गरिएको खाद्य संस्थानकी कार्यालय प्रमूख तुलमाया लुंवा लिम्बुले जानकारी दिनुभयो । प्रदेश सरकारबाट वैशाख १५ गते ४० थान किट उपलब्ध भएको छ ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार राहतको चामल खाँदा पेट दुख्ने समस्या भएको र झाडावान्ता भएको आरोप लगाउदै वैशाख १६ गते हरिनगर गाउँपालिका -२ भुटाहाका स्थानीयले चामल वडालाई फिर्ता गरेका छन् । हरिनगर गाउँपालिका -२ ले वितरण गरेको राहत सामग्री गुणस्तरहीन भएको भन्दै फिर्ता गरेको मो. नौसाद सिद्धिकिले बताउनुभयो । गाँउपालिकाका अध्यक्ष गफार अन्सारीले गुनासो आएको स्वीकार गर्दै त्यस विषयमा छानबिन हुने बताउनुभयो । गढी गाँउपालिकाले अपाङ्गता भएका व्यक्ति तथा नागरिकहरूलाई राहत वितरण गर्ने भएको छ । गढी गाउँपालिका भित्रका ५ सय ७६ जना अपाङ्गता भएकालाई राहत वितरण गर्ने निर्णय भएको छ । धरान उपमहानगरपालिकाले लकडाउनलाई कडा पारेको छ । तरकारी बोकेर वैशाख १६ गते बिहानको धरान प्रवेश गरेका पाँच ओटा गाडीलाई धरान उपमहानगरपालिकाले नियन्त्रणमा लिएको छ । धरानमा मुस्लिम समाजले गरिब तथा विपन्न परिवारलाई रमजानको अवसरमा ‘रमजान राहत’ प्याकेज वितरण गरेको छ ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार पौवादुङमा गाउँपालिकाले राहत वितरण गर्न सुरू गरेको छ । विपन्न, असहाय, मजदूरवर्गलाई राहत वितरण गरेको गाँउपालिकाले जनाएको छ ।
**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**